# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: ४- २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२।०१।२४

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/२४ गते गरेको कार्यहरु देहायबमोजिम रहेको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक

- आज मिति २०७२/०१/२४ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ८९ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ६२३ मेडिकल बिशेषज्ञहरु, २८७ नर्सहरु र २३० प्यारामेडिक्स्हरु गरी जम्मा ११४० रहेका छन् ।
- १०० भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् । जसमा १००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ।
- विश्व स्वास्थ्य संगठनको दक्षिण पूर्बी एशिया (SEARO) की क्षेत्रिय निर्देशक डा. पुनम क्षेत्रपाल सिंहले माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यलाई भेट गर्नु भयो । त्यस अवसरमा माननीय मन्त्रीज्यूले नेपालको भूकम्प प्रभावित क्षेत्रका ७० देखि ९० प्रतिशत स्वास्थ्य संस्थामा क्षती पुगेको र अहिले ती स्वास्थ्य संस्थाहरुलाई अल्पकालिन र दिर्घकालिन रुपमा संचालनका लागि विश्व स्वास्थ्य संगठनबाट सहयोगको आबश्यक्ता रहेको बताउनु भयो । साथै वहाँले विश्व स्वास्थ्य संगठनले गरेको हालसम्मको सहयोगको लागि नेपाल सरकारको तर्फबाट धन्यवाद पनि दिनुभयो ।

  विश्व स्वास्थ्य संगठनको दक्षिण पूर्बी एशिया (SEARO) की क्षेत्रिय निर्देशक डा. पुनम क्षेत्रपाल सिंहले सो अवसरमा विश्व स्वास्थ्य संगठन (WHO) यस विपदमा नेपालको साथमा छ भन्ने सन्देश लिएर आँफू नेपाल आएको बताउनु भयो । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २४ सै घन्टा काम गरेर महामारी फैलिनबाट रोकेको र घाइते तथा बिरामीको उपचारमा खटिएकोमा यस कामको बिश्वले उच्च मूल्याङ्कन गर्दै यसबाट विश्वले नै पाठ सिक्ने बताउनु भयो । यसका साथै स्वास्थ्य संस्थाको भवन निर्माण गर्ने क्रममा आचारसंहिताको कार्यान्वयनमा मन्त्रालयले ध्यान दिनु पर्ने सुझाब दिनुभयो ।

  विश्व स्वास्थ्य संगठनले आपतकालिन अवस्थाको संबोधन गर्न आबश्यक औषधि, टेन्ट लगायतका आबश्यक सामग्री सहित भूकम्प प्रभावित क्षेत्रमा २० जना विशेषज्ञलाई परिचालन गर्नुका साथै कुनै महामारी फैलिन नदिन नेपाल सरकारसंग सहकार्य गरिरहेको उल्लेख गर्नु भयो ।
- दैबी प्रकोप उद्धार ऐन, २०३९ को दफा ५ ख १ अनुसारको उपसमितिका संयोजक एव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा बसेको बैठकले काठमाण्डौंको किर्तिपुरमा अस्थायी रुपमा घाईतेहरुलाई सेवा प्रदान गर्ने Medical Rehabilitation Centre स्थापना गर्ने निर्णय गरको छ ।

२. उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।
- आदित्य बिरला केमिकल्स इण्डिया लिमिटेड, बुम्बई बाट ४०० बोरा Bleaching Powder प्राप्त भयो । उक्त Bleaching Powder माग भई आएका प्रभावित जिल्लाहरुलाई वितरण गरिने छ ।
- Terumo Corporation Tokyo बाट उत्पादित ५० वटा Digital BP Set प्राप्त भएको छ ।

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२३ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ५९,२८९ रहेको छ । स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| • भक्तपुर १४७०० | • नुवाकोट ४६०५ |
| • धादिङ ३३४३ | • ओखलढुङगा ९२ |
| • दोलखा ३०४ | • रामेछाप १५०० |
| • गोरखा २२७३ | • रसुवा ७४८ |
| • काठमाण्डौ १३७५५ | • सिन्धुली १७० |
| • काभ्रे ८०९१ | • सिन्धुपाल्चोक ४३६७ |
| • ललितपुर २५३० | • लमजुङ १९३ |
| • मकवानपुर ६९५ | • निजामती अस्पताल २२०० |
| • बारा २७ | |

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभावित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ ।

५. स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ औ घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।
- हालसम्म भूकम्पबाट प्रभावित जिल्लाका पूर्ण रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु २६० र प्राईभेट स्वास्थ्य संस्था ६ रहेको छ । त्यस्तैगरी आंशिक रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ४५४ र प्राईभेट स्वास्थ्य संस्था ७ रहेको छ ।
- विश्व स्वास्थ्य संगठनले नेपाललाई हालसम्म ११ लाख अमेरिकी डलर आपतकालिन उद्धार तथा ब्यबस्थापनका लागि छुट्टाईएको र तत्काले १ लाख ७५ हजार डलर भूकम्प आएको केही घण्टाभित्रै नेपाल सरकारलाई उपलब्ध गराएको छ ।
- प्रभावित जिल्लाका जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुलाई आफ्नो कार्यक्षेत्रमा अनुपस्थित रहेको कारणले चिकित्सक सहित १० जनालाई यस अघिनै निलम्बन गरीएकोमा आज जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका देहाय बमोजिमका थप ४ जना स्वास्थ्यकर्मीलाई निलम्बन गरीएको छ ।
  १. श्री सम्झना बिडारी, अ.हे.ब., जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर
  २. श्री आशिष शर्मा कंडेल, हे.अ., जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर
  ३. श्री बिजया लक्ष्मी श्रेष्ठ, हे.अ., जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर
  ४. श्री उद्धब घिमिरे, अ.हे.ब., जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय